२०७३ साल मङ्सिर २६ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीलाई Indo-Asia Connectivity for Shared Prosperity कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

२. अर्थ मन्त्रालय— भूकम्प पछिको पुनर्निर्माण कार्यका लागि चीन सरकारबाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने ।

३. अर्थ मन्त्रालय— वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४-२०७७/७८) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४. अर्थ मन्त्रालय— विद्यालय क्षेत्र विकास कार्यक्रमलाई नर्वेजियन सरकारले प्रदान गर्ने अनुदान सहायता स्वीकार गर्ने ।

५. आपूर्ति मन्त्रालय— नेपाल राजपत्र भाग ५ खण्ड ५९ संख्या २९ मिति २०६६।७।२३ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको निरीक्षण अधिकृत तोक्ने सम्बन्धि सूचना खारेज गरी नयाँ निरीक्षण अधिकृत तोक्ने ।

६. उद्योग मन्त्रालय— खानी तथा खनिज पदार्थ (चौथो संशोधन) नियमावली, २०७३ स्वीकृत विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

७. ऊर्जा मन्त्रालय— राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी आयोजनाको लागि २०७३ मार्ग देखि २०७४ असार मसान्त सम्मको निमित्त राजपत्राङ्कित तर्फका विभिन्न पाँच वटा पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

८. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाली काँग्रेसका मुख्य सचेतक तथा सचेतकलाई संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०५२ बमोजिम सत्ता पक्षको मुख्य सचेतक तथा सचेतक सरह मिति २०७३।०४।१९ देखि लागू हुने गरी पारिश्रमिक र सुविधा उपलब्ध गराउने ।

९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— माननीय महान्यायाधिवक्ता रमन कुमार श्रेष्ठलाई चीनको युयान प्रान्तमा हुने चाइना साउथ एसिया लिगल फोरममा सहभागी हुन स्वीकृति दिने ।

१०. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल न्याय सेवा, कानून समूहका रा.प.प्रथम श्रेणीका अधिकृतहरुको सरुवा गर्ने ।

११. कृषि विकास मन्त्रालय— मौरी प्रवर्द्धन नीति २०७३" स्वीकृत विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१२. गृह मन्त्रालय— पूर्व गृहमन्त्री श्री माधवप्रसाद घिमिरे चढेको जिप दुर्घटना र धादिङ्ग जिल्लाको मार्पाकमा भएको यात्रुवाहक बस दुर्घटनाको छानविन गरी प्रतिवेदन पेश गर्न गठित "छानविन समिति" को म्याद थप गर्ने।।

१३. गृह मन्त्रालय— निर्वाचन कसूर तथा सजाय सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ लाई व्यवस्थापिका–संसद समक्ष पेश गर्न स्वीकृति दिने ।

१४. गृह मन्त्रालय— प्रहरी नायव महानिरीक्षक डा. दिनेशचन्द्र पोखरेललाई प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने ।

१५. गृह मन्त्रालय— केन्याली नागरिक Kelvin Ochieng Nudi लाई १ (एक) वर्ष पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

१६. परराष्ट्र मन्त्रालय— संयुक्त राज्य अमेरिकाको ईलिनोय राज्यको शिकागोको लागि अवैतिनिक नेपाली महावाणिज्यदूत Mr. Marvin A. Brustin को चार वर्षको लागि म्याद थप गर्ने र इटालीको राजधानी रोमका लागि अवैतनिक वाणिज्यदूत पदमा कार्यरत Mr. Paolo Nugari लाई अवैतनिक महावाणिज्यदूत पदमा पदोन्नती गर्ने ।

१७. परराष्ट्र मन्त्रालय— 9th Bali Democracy Forum मा माननीय परराष्ट्रमन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने ।

१८. पशुपन्छी विकास मन्त्रालय— लाइभस्टक सेक्टर इन्नोभेशन आयोजनाको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

१९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ओखलढुंगाको नाममा दर्ता श्रेस्ता कायम रहेको क्षेत्रफल ०-९-०-० जग्गा ओखलढुंगा गा.वि.स. वडा नं. ७ बस्ने जग्गा दाता धीरा कुमारी भट्टराईका नाममा दाखिल खारेज गरी दर्ता श्रेस्ता कायम गर्ने ।

२०. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— एसजेवीएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी (प्रा.) लि. लाई सरकारी जग्गा लिजमा उपलब्ध गराउने ।

२१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— रसियाको मस्कोमा आयोजना हुने यातायात सम्बन्धी मन्त्रीस्तरिय सम्मेलनमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रमेश लेखकको सट्टा माननीय राज्य मन्त्री सिताराम महतोलाई सहभागी हुन स्वीकृति दिने ।

२२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— भक्तपुर जिल्लाको सूर्यविनायक तथा काठमाडौं जिल्लाको कलंकी र चाबहिलमा यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र स्थापना गर्नका लागि प्रत्येक स्थानको मासिक भाडा बढीमा रु. तीन लाखमा नबढ्ने गरी सोझै वार्ताको माध्यमबाट घर भाडामा लिन स्वीकृति दिने ।

२३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, बागमती, एकान्तकुना ललितपुरमा सवारी चालक अनुमतिपत्रको निवेदन Online बाट भर्ने व्यवस्थाका लागि सर्भर, Storage System र Network Connectivity सोझै खरिद गर्न यातायात व्यवस्था विभागलाई स्वीकृति दिने

२४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— बेनीघाट-आरुघाट-लार्के भन्ज्याङ्ग सडक खण्डको निर्माण कार्य नेपाली सेनाद्धारा गराउने ।

२५. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय— नेपाल–भारत महिला मैत्री समाज, काठमाण्डौलाई रू. ५ लाख आर्थिक सहायता दिने।

२६. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय— केन्द्रीय बालकल्याण समितिमा रिक्त सदस्य मनोनयन गर्ने ।

२७. रक्षा मन्त्रालय— सहायक रथी तारा बहादुर कार्कीलाई मानार्थ बढुवा गर्ने ।

२८. रक्षा मन्त्रालय— नेपाली सेनाका उपरथी हेमन्त राज कुँवरको पदावधि थप गर्ने।

२९. वन तथा भूसंरक्षण मन्त्रालय— बेलवारी बहुमुखी क्याम्पस, मोरङलाई राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

३०. वन तथा भूसंरक्षण मन्त्रालय— माथिल्लो पिलुवा खोला-२ जलविद्युत आयोजना निर्माण एवं संचालनका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

३१. वाणिज्य मन्त्रालय— The Partnenrship Summit 2017 मा माननीय वाणिज्य मन्त्री श्री रोमी गौचन थकालीको नेतृत्वमा भाग लिने ।

३२. विज्ञान तथा प्रविधि मन्त्रालय— Vienna, Austria मा हुने Review Meeting on the draft Nuclear law of Nepal मा सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा.सुनिल बाबु श्रेष्ठको नेतृत्वमा भ्रमण टोलीलाई स्वीकृति दिने।

३३. शिक्षा मन्त्रालय— राजनीतिक पूर्वाग्रह राखी हटाइएका शिक्षक तथा कर्मचारीलाई पुनर्वहाली गर्ने सम्बन्धी विषयमा छानविन गरी नेपाल सरकारलाई सुझाव पेश गर्न एक पटकका लागि जाँचबुझ समिति गठन गरी कार्यादेश तोक्ने ।

३४. शिक्षा मन्त्रालय— नेपाल सरकारका वार्ता समिति संयोजक शान्तबहादुर श्रेष्ठ र प्रा.डा. गोविन्द के.सी. बीच मिति २०७३ मंसिर १९ मा भएको संलग्न सहमतिको स्वामित्व ग्रहण गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउन स्वीकृति दिने ।

३५. शिक्षा मन्त्रालय— साझा प्रकाशनलाई रू १० करोड अनुदान उपलब्ध गराउने ।

३६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— भारतको नयाँ दिल्लीमा आयोजना हुने हवाई रुट तथा प्रवेश विन्दुहरु (Air Routes and Entry Points) लगायतका विषयमा वार्ता गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, हवाई सुरक्षा महाशाखाका सहसचिवको नेतृत्वमा सम्बद्ध प्राविधिकहरु रहेको सात सदस्यीय वार्ताटोली गठन गर्ने ।

३७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— विदा पर्यटन कार्यविधि २०७३" स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

३८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— माराकेश सन्धि, २०१३" अनुमोदनका लागि व्यवस्थापिका संसदमा पेश विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— GRAND NEPAL FESTIVAL, 2016 विषयक कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनबहादुर शाहीलाई सहभागी हुन स्वीकृति दिने ।

४०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— उराँव कल्याणकारी समाजलाई तीन लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

४१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— मैथिली विकास कोषलाई पाँच लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

४२. सूचना तथा सञ्चार मन्त्रालय— सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध निकायका अध्यक्ष, सदस्य र पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७३ स्वीकृत गर्ने।

४३. स्वास्थ्य मन्त्रालय— जेनेभामा हुने Ministerial Meeting on Health Employment and Economic Growth विषयक कार्यक्रममा स्वास्थ्य राज्यमन्त्री माननीय तारामान गुरूङको नेतृत्वको प्रतिनिधि मण्डललाई

सहभागी हुन स्वीकृति दिने ।

४४. कृषि विकास मन्त्रालयका सचिव श्री अन्नपूर्णा नन्द दासलाई पशुपक्षी विकास मन्त्रालयको सचिव पदमा सरूवा गर्ने ।

४५. निजामती सेवा नेपाल कृषि तथा वन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा राजपत्राङ्कित प्रथम श्रेणीका श्री सुरोज पोखरेललाई बढुवा गरी कृषि विकास मन्त्रालयमा पदस्थापन गर्ने ।

४६. सहकारी तथा गरिबी निवारण मन्त्रालयका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री शारदाप्रसाद त्रितालले दिनुभएका राजिनामा स्वीकृत गर्ने । उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिँदै उहाँको सेवानिवृत्त जीवन सुखमय रहोस् भन्ने कामना गर्ने ।

४७. वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल मङ्सिर १४ गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. नेपालको संविधानलाई दोस्रो संशोधन गर्न बनेको विधेयक व्यवस्थापिका-संसद्समक्ष कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले पेश गर्ने ।

२. आपूर्ति मन्त्रालय— कर्णाली अञ्चलका जिल्लाहरुमा नेपाल खाद्य संस्थान मार्फत प्रत्येक जन्म र मरणमा प्रति परिवार २० किलो निःशुल्क चामल प्रति दिन रु. ५००।- ले २ दिनको बोकानी ज्याला र चामलको मूल्यको १ प्रतिशतले हुने प्रशासनिक खर्च समेत उपलब्ध गराउने ।

३. ऊर्जा मन्त्रालय— माथिल्लो त्रिशुली १ जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

४. ऊर्जा मन्त्रालय— भारतको नयाँ दिल्लीमा हुन गइरहेको PETROTECH-2016, 12th International Oil & Gas Conference and Exhibition सम्मेलन तथा ढाकामा हुन लागेको "Regional Power Trading in the Cortex of South Asia" विषयक कार्यक्रममा माननीय ऊर्जा मन्त्री श्री जनार्दन शर्मालाई भाग लिन स्वीका[ति दिने ।

५. गृह मन्त्रालय— स्थानीय तहको निर्वाचन सम्बन्धी व्यवस्था गर्न वनेको विधेयक,२०७३ लाई व्यवस्थापिका–संसद समक्ष पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

६. गृह मन्त्रालय— विदेशी नागरिकहरुलाई तोकिएको अवधिभर पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

७. जनसङ्ख्या तथा वातावरण मन्त्रालय —पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (पहिलो संशोधन) निर्देशिका, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - नेपाल सरकार र भारत सरकार बीच सम्पन्न भएको Regulation of Passenger Traffic सम्झौता अन्तर्गत Operation of Regular Passenger Transport Service सन्बन्धी Protocol को अनुच्छेद (iii) बमोजिम २५ नोभेम्बर २०१६ देखि २ वर्ष थप नवीकरण गर्न सहमति दिने।

९. वन तथा भू-संरक्षण मन्त्रालय— अरुण-३ जलबिद्युत आयोजनाको प्रवेशमार्ग निर्माणका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न र रुखबिरुवाहरु हटाउन दिने नेपाल सरकार, मंन्त्रिपरिषद्को मिति २०७२।६।१४ को निर्णयसाथ संलग्न अनुसूचीको शर्त नं. २ संशोधन गर्न स्वीकृति दिने।

१०. वन तथा भू-संरक्षण मन्त्रालय— वन तथा भू-संरक्षण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी प्रक्रियागत मापदण्ड, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

११. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— धरहरा पुनःनिर्माण सम्बन्धमा भेरियसन स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम

गर्ने ।

१२. सहरी विकास मन्त्रालय— नयाँ दिल्लीमा आयोजना हुने "6th Asia Pacific Ministerial Conference on Housing and Urban Development (6th APMCHUD)" सम्बन्धी उच्चस्तरीय सम्मेलनमा माननीय सहरी विकासमन्त्री अर्जुन नरसिंह के.सी.लाई सहभागी हुन स्वीकृति दिने ।

१३. सामान्य प्रशासन मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवहरू केदारनाथ शर्मासममेतको सरूवा गर्ने ।

१४. सूचना तथा सञ्चार मन्त्रालय— राष्ट्रिय प्रसारण (आठौं संशोधन) नियमावली, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१५. सूचना तथा सञ्चार मन्त्रालय— फ्रान्सको पेरिसमा आयोजना हुने चौथो Open Government Partnership (OGP) Global Summit मा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटालाई भाग लिन स्वीकति दिने।

१६. सूचना तथा सञ्चार मन्त्रालय— राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त किरण कुमार पोखरेल समेतलाई सूचना अष्ट्रेलियाको संघीय सूचना आयोग र प्रान्तीय सूचना आयोगको अध्ययन भ्रमण (exposure visit) को लागि स्वीकृत दिने ।

१७. स्वास्थ्य मन्त्रालय— नागरिक राहत, क्षतिपुर्ति तथा आर्थिक सहायता सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७३" स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१८. स्वास्थ्य मन्त्रालय— मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०७३" स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१९. स्वास्थ्य मन्त्रालय— भरतपुर अस्पताल, चितवनमा कार्यरत प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट डा. डुक बहादुर क्षेत्रीले दिनु भएको राजीनामा स्वीकृत गर्ने।

२०. स्वास्थ्य मन्त्रालय— स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दोस्रो संशोधन, २०७३ विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री चन्द्रकुमार घिमिरेलाई राष्ट्रिय योजना आयोगको सचिवालयको सचिव पदमा र राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री रामकुमार आचार्यलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरूवा गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल मङ्सिर १२ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— नेपाल सरकार (कार्य सम्पादन) (चौथो संशोधन) नियमावली, २०७३ स्वीकृत विषयको मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— Morocco को माराकेसमा हुने जलवायु परिवर्तन सम्बन्धी United Nation Climate Change Conference Cop22/CMP12 (High-level Segment of the Session) विषयक सम्मेलनमा भाग लिन माननीय जनसंख्या तथा वातावरण मन्त्रीको नेतृत्वको भ्रमण दलको भ्रमण समर्थन गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— The Oman Tanfeedh Programme Open Day विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठलाई भाग लिन स्वीकृति दिने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली, २०७३ को स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. अर्थ मन्त्रालय— सडक क्षेत्र विकास आयोजनाको लागि विश्व बैंकवाट ऋण सहायता स्वीकार गर्ने ।

६. अर्थ मन्त्रालय— विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गर्न एसियाली विकास बैंकको ऋण एवं प्राविधिक सहायता स्वीकार गर्ने ।

७. अर्थ मन्त्रालय— नागढुंगा सुरूङ् मार्ग निर्माण आयोजनाको लागि जापान सरकारबाट ऋण सहायता स्वीकृत गर्ने ।

८. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— उर्जा सहयोगका लागि सार्क पारूप सम्झौता (विद्युत) लाई राजपत्रमा प्रकाशन गर्ने ।

९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— भ्रमण खर्च रकम निकाशा गर्ने ।

१०. कृषि विकास मन्त्रालय— शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३ संशोधन गर्ने ।

११. गृह मन्त्रालय— सह अनुसन्धान निर्देशक रविन्द्र पण्डितलाई अनुसन्धान निर्देशक पदमा बढुवा गर्ने ।

१२. परराष्ट्र मन्त्रालय— नेपाल-भारत प्रबुद्ध व्यक्तिहरुको समूह (EPG-NIR) का लागि नेपालको तर्फबाट नियुक्त संयोजक तथा पदाधिकारीहरुलाई पारिश्रमिक वा निवृत्तिभरण लिइरहेको भए दोहोरो सुविधा नहुने गरी सुविधा उपलब्ध गराउने ।

१३. परराष्ट्र मन्त्रालय— माननीय परराष्ट्रमन्त्रीको नेतृत्वमा अष्ट्रेलिया र न्यूजिल्याण्ड भ्रमण समर्थन गर्ने ।

१४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— सट्टाभर्ना दिनका लागि पर्सा जिल्ला अन्तरगत बसोवास गराइएका बसोबासीहरुको जग्गा दर्ता सम्बन्धी समिति गठन (पहिलो संशोधन) आदेश, २०७३ स्वीकृत विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— तनहुँ जिल्ला, साविक दुलेगौडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्ल गण्डकी नगरपालिका अन्तरगत बसोबास गरेका अव्यवस्थित

वसोवासीहरुको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन (पहिलो संशोधन) आदेश, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१६. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय— केन्द्रीय बाल कल्याण समिति पदाधिकारी मनोनयन सम्बन्धी मापदण्ड, २०७३ स्वीकृत गर्ने ।

१७. रक्षा मन्त्रालय— महासेनानीद्वय निर्मल कुमार थापा र भरत प्रसाद पाठकलाई सहायक रथी दर्जामा पदोन्नति गर्ने ।

१८. वन तथा भूसंरक्षण मन्त्रालय— Global Snow Leopard and Ecosystem Program (GSLEP) को High Level Steering Committee को बैठक काठमाडौंमा संचालन गर्ने ।

१९. शिक्षा मन्त्रालय— शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक परामर्श तथा प्रमाणिकरण शाखा वा अन्तरगत समेतका लागि मिति २०७३ साउन १ गतेदेखि २०७४ असार मसान्तसम्मका लागि अस्थायी राजपत्रांकित पदहरु ६६ सिर्जना गर्ने ।

२०. शिक्षा मन्त्रालय— डा. गोविन्द के.सी. ले पेश गरेको मागहरुका सम्वन्धमा वार्ता गर्न नेपाल सरकारका तर्फबाट शिक्षा सचिव शान्तबहादुर श्रेष्ठको संयोजकत्वमा स्वास्थ्य सचिव डा. सेनेन्द्रराज उप्रेती सदस्य रहने गरी उच्चस्तरीय वार्ता समिति गठन गर्ने ।

२१. श्रम तथा रोजगार मन्त्रालय— इण्डोनेशियाको बालीमा आयोजना हुने ILO को 16th Asia and the Pacific Regional Meeting मा माननीय श्रम तथा रोजगार मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डलको सहभागिताको लागि स्वीकृति दिने।

२२. श्रम तथा रोजगार मन्त्रालय— माननीय श्रम तथा रोजगार मन्त्रीको बंगलादेश भ्रमण स्वीकृत गर्ने ।

२३. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— स्थानीयतह सम्बन्धी संघीय कानून र प्रदेश कानून तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

२४. सामान्य प्रशासन मन्त्रालय— निजामती सेवा ऐन, २०४९ को दफा १३ बमोजिम नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री शम्भु कोइरालालाई सुदूर पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, दिपायलको क्षेत्रीय प्रशासक पदमा कायम मुकायम मुकरर गर्ने ।

२५. सिंचाइ मन्त्रालय— थाइल्याण्डमा हुने 2nd World Irrigation Forum मा माननीय सिंचाई मन्त्री नेतृत्वको भ्रमण टोलीलाई सहभागी हुन स्वीकृति दिने ।

२६. सिंचाइ मन्त्रालय— रुपातालको संरक्षण, सम्वर्धन र विकासको लागि रुपाताल संरक्षण एकीकृत विकास परियोजनाको कार्य अघि बढाउन सिंचाइ मन्त्रालय अन्तर्गत रहेको जल उत्पन्न प्रकोप व्यवस्थापन विभागलाई स्वीकृति दिने ।

२७. सिंचाइ मन्त्रालय— वृहत दाङ उपत्यका सिंचाइ योजना र माडी लुंग्री करिडोर सिंचाइ योजना अघि बढाउन स्वीकृती प्रदान गर्ने।

२८. सिंचाइ मन्त्रालय— पहाडी तथा हिमाली क्षेत्रमा रहेका ५३ जिल्लाहरुमा जोखिमयुक्त पहिरो न्यूनीकरण कार्यक्रम अघि बढाउन स्वीकृति प्रदान गर्ने ।

२९. निजामती सेवा प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा सहसचिव श्री कृष्णप्रसाद देवकोटालाई बढुवा गरी क्षेत्रीय प्रशासक, मध्यपश्चिमाञ्चाल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतमा पदस्थापन गर्ने ।

३०. निजामती सेवा कृषि तथा वन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा सहसचिव श्री अन्नपूर्णा नन्द दासलाई बढुवा गरी सचिव, कृषि विकास मन्त्रालयमा पदस्थापन गर्ने ।

३१. पशुपक्षी विकास मन्त्रालयका सचिव श्री उत्तमकुमार भट्टराई उमेरको हदको कारणबाट मिति २०७३।८।१८ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।